म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ३ | बिहीबार १७ साउन २०८१ | ने. सं. ११४४ दिल्लागा | 1 August 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगिताको तयारी

हेटौंडा, १६ साउन/हेटौंडा उपमहानगरपालिका-२, स्थित नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगिता हुने भएको छ । कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई लक्षित गरी साउन २४ गते जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गर्न लागिएको सहकारीको व्यवस्थापक बद्रीप्रसाद भण्डारीले जानकारी दिए । साहित्य संगम मकवानपुरको व्यवस्थापनमा हुन लागेको प्रतियोगिताको शीर्षक आर्थिक समृद्धिमा सहकारीको भूमिका रहेको छ । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः नगद ५ हजार, ३ हजार, २ हजार र १ हजार रुपैयाँ प्रदान गरिने छ । प्रतियोगिताको लागि नाम दर्ता गराउने अन्तिम मिति साउन २२ गते रहेको आयोजकले जनाएको छ । संगमका अध्यक्ष डीबी बर्तौंलाका अनुसार मकवानपुरका सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थी सहभागिताका लागि पत्राचार गरिएको छ ।

# नवनियुक्त मन्त्रीहरु बधाई र ब्रिफिङमा ब्यस्त

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ नेपाली कांग्रेस बागमती प्रदेश समितिले आफ्नो पार्टीबाट बागमती प्रदेश सरकारमा नियुक्त भएका मुख्यमन्त्रीसहित मन्त्रीहरुलाई बधाई ज्ञापन गरेको छ । मन्त्रालयको जिम्मेवारी सम्हालेपछि मन्त्रीहरुलाई बधाई लिने र ब्रिफिङ लिने कार्यमा भ्याइनभ्याई छ ।




पार्टीले बुधबार बिहान प्रदेश राजधानी हेटौंडामा एक कार्यक्रमको आयोजना गर्दै पार्टीका तर्फबाट बागमतीको मुख्यमन्त्रीमा नियुक्त बहादुरसिंह लामा र ७ जना मन्त्रीहरुलाई बधाईका साथ शुभकामना ज्ञापन गरेको हो । नेपाली कांग्रेस बागमती प्रदेशसभापति ईन्द्रबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा बागमतीका नवनियुक्त मुख्यमन्त्री एवम् नेपाली कांग्रेसका केन्द्रीय सदस्य लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

पार्टी प्रदेशसभापति एवम् प्रदेशसभा सदस्य बानियाँले नवनियुक्त मुख्यमन्त्री र मन्त्रीहरुलाई बधाई ज्ञापन गर्दै पार्टीसँगको समन्वय र सहकार्यमा आम नागरिकको हितमा काम गर्न आग्रह गरे । नवनियुक्त मन्त्रीहरुले कसरी प्रदेशको हितमा केन्द्रित भएर जनपक्षीय काम गर्नुपर्छ भन्नेबारेमा पार्टीले सुझावसमेत दिएको नेपाली कांग्रेस बागमती प्रदेशका प्रवक्ता तिलक रुवालीले जानकारी दिए ।

बधाई तथा शुभकामना ज्ञापन कार्यक्रममा पार्टी प्रदेशमहामन्त्री कन्चनचन्द्र बादे, सहमहामन्त्री जीवन डंगोल, जिल्ला सभापतिहरुको तर्फबाट मकवानपुरका सभापति बुद्ध लामालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । मुख्यमन्त्री लामाले पार्टीसँगको समन्वय र सहकार्यबाट प्रदेशबासीको हितमा काम गर्ने प्रतिवद्धता जनाए ।

बागमती प्रदेशमा नेपाली कांग्रेसबाट मुख्यमन्त्रीमा लामासहित आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले, आन्तरिक मामिला तथा योजनामन्त्री सुरजचन्द्र लामिछाने, सामाजिक विकासमन्त्री हरिप्रभा खड्की, खानेपानी, उर्जा तथा सिञ्चाईमन्त्री श्यामबहादुर खड्का, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरी, युवा तथा खेलकुदमन्त्री मीनकृष्ण श्रेष्ठ र विनाविभागीय मन्त्री मदुकुमार श्रेष्ठ नियुक्त भएका छन् ।

बागमती प्रदेशका नयाँ मन्त्रीहरु अहिले सम्बन्धित मन्त्रालय र मातहतका कार्यालयको ब्रिफिङ लिन व्यस्त छन् । पुरानै ढर्रा अपनाएका नवनियुक्त मन्त्रीहरुले बहाली भएको भोलिपल्टदेखि ब्रिफिङ लिन थालेका हुन् । बधाई सँगसँगै मन्त्रालय र मातहतका कार्यालयको ब्रिफिङ लिइरहेका मन्त्रीहरु गृहजिल्ला दौडाहमा पनि भ्याएका छन् । कम भीडभाड भएको मौका छोपेर मन्त्रीहरु सम्बद्ध कर्मचारीसँग मन्त्रालयको वस्तुस्थिति बुझ्न व्यस्त छन् ।

मन्त्रालयमा हाजिर भएपछि मिठाइ र खादा, माला लिएर बधाई दिन आउनेहरु उत्तिकै छन् । नेता, कार्यकर्ता र आफन्तलाई मन्त्रीले 'पहिला काम गर्न दिनुस्' भन्न सकेका छैनन् । भेटघाटमै समय बितिरहेको छ । मन्त्रीहरुले नियमित काम सुरु गर्न सकेका छैनन् । पालैपालो मन्त्री भेट्दै फोटो खिचाउने क्रम पनि चलिरहेको छ ।

बागमती प्रदेशका नवनियुक्त युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन र संस्कृति, पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरीको स्वागत तथा सम्मान गरिएको छ । जिल्ला खेलकुद विकास समिति मकवानपुर तथा जिल्ला बक्सिङ संघ मकवानपुर, जिल्लास्थित खेलसम्बद्ध निकायका नेतृत्वकर्ता, खेलाडीले स्वागत तथा सम्मान गरेका हुन् । युवा तथा खेलकुद मन्त्री महर्जनले आफू खेलकुदमै अनवरत् मिहेनत गर्दै आएको हुँदा सोही मन्त्रालयमा बसेर खेलकुदको विकासमा लाग्न मन्त्रालय छनोट गरेको बताएका छन् ।

खेलाडीले खेलकुदक्षेत्र बुझेको मन्त्री बागमती प्रदेशले पाएको भन्दै खुशी व्यक्त गरिरहेका छन् । खेलकुदमा चाहिने भन्दा अनावश्यक क्षेत्रमा बढी खर्च भइरहेकोप्रति ध्यानाकर्षण गराउँदै खेलकुदको विकासमा मात्रै मितव्ययी ढंगले खर्च गर्ने प्रणाली स्थापित गर्न अनुरोध गरिरहेका छन् । पर्यटनमन्त्री ठकुरीले पर्यटनको सम्भावना प्रचुर भएको हुँदा त्यसको उजागरमा दिलोज्यान दिएर लाग्ने बताए ।

स्वागत तथा सम्मान कार्यक्रममा एथ्लेटिक्स संघका केन्द्रीय सदस्य प्रभाकर पाण्डे, बक्सिङ संघ जिल्लाका अध्यक्ष तथा अन्तराष्ट्रिय बक्सिङ खेलाडी सुशील घिमिरे, उपाध्यक्ष उज्वल शर्मा भण्डारी, कराते संघ मकवानपुरका उपाध्यक्ष रुपक लामा, उसु जिल्ला अध्यक्ष ज्योतिरत्न बज्राचार्य, उसु प्रशिक्षक विमल थापामगर, बक्सिङ प्रशिक्षकद्वय लालबहादुर पौडेल, अनिल दाहाल, कराते प्रशिक्षक सविन ब्लोन, विष्णु श्रेष्ठ, ब्याडमिण्टनका सदस्य तथा खेलाडी नरेन्द्र मोक्तानलगायतको सहभागिता थियो ।

# एकैपटक मकवानपुरका चार न्यायाधीशको सरुवा

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ न्याय परिषद्ले ठूलो संख्यामा न्यायाधीशको सरुवा गर्दा हेटौंडास्थित उच्चअदालत पाटन हेटौंडा इजलाश र मकवानपुर जिल्ला अदालतका चारजना न्यायाधीश सरुवा भएका छन् ।



प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठको अध्यक्षतामा बसेको न्याय परिषद्को बैठकले उच्चअदालत र जिल्ला अदालतका न्यायाधीशको सरुवा गरेको हो । चारजना सरुवा भएर जाँदा मकवानपुरमा तीनजना न्यायाधीश आएका छन् । उच्चअदालत पाटन हेटौंडा इजलाशबाट न्यायाधीशहरु मेरिना श्रेष्ठ र निर्मला शाक्य, मकवानपुर जिल्ला अदालतबाट महेन्द्रबहादुर कार्की र मनकुमारी जिएम विकको सरुवा भएको हो ।

श्रेष्ठ उच्चअदालत पोखरा र शाक्य उच्चअदालत जनकपुर बीरगञ्ज इजलाश पुगेका छन् । यसैगरी मकवानपुर जिल्ला अदालतका न्यायाधीश कार्की काठमाडौं जिल्ला अदालत र विक धादिङ जिल्ला अदालत सरुवा भएको हो । न्यायापरिषद्ले उच्चअदालत पाटन हेटौंडा इजलाशमा एकजना न्यायाधीशको मात्रै सरुवा गरेको छ । उच्चअदालत पोखराकी न्यायाधीश निर्मला पौडेल भट्टराई हेटौंडा आएकी हुन् ।

न्याय परिषद्ले धादिङ जिल्ला अदालतकी न्यायाधीश गीता श्रेष्ठ र काठमाडौं जिल्ला अदालतकी शकुन्तला कार्कीलाई मकवानपुर जिल्ला अदालत सरुवा गरेको हो । न्याय परिषद्ले देशभरका उच्चअदालतका २६ र जिल्ला न्यायाधीश ६५ जनाको सरुवा गरेको हो । एकै कार्यथलोमा २ वर्ष अवधि पुगेकाहरुलाई सरुवा गरिएको न्याय परिषद्का अधिकारीले जानकारी दिए ।

जनक पाण्डे पाटनबाट सुर्खेत सरुवा भएका छन् । पाटनकै श्यामजी प्रधान नेपालगञ्ज सरुवा भएका छन् । धीरबहादुर चन्द पाटनबाट राजविराज सरुवा भएका छन् । लेखनाथ पौडेल पाटनमा हाल काजमा रहेकामा पाटनमै रहने गरी सरुवा भएका छन् । बासुदेव आचार्य विराटनगरबाट बुटवल, मदन पोखेल बाग्लुङबाट सुर्खेत, ध्रुवराज नन्द पाटनबाट विराटनगर सरुवा भएका छन् । टंकप्रसाद गुरुङ नेपालगञ्जबाट पाटन, हरिप्रसाद पौडेल पाटनबाट वीरगञ्ज, रामबहादुर थापा विशेष अदालतबाट सुर्खेत, राज्यलक्ष्मी बज्राचार्य विराटनगरबाट सुर्खेत, विमल सुवेदी राजविराजबाट विराटनगर पुगेका छन् । ऋषि राजभण्डारी इलामबाट पाटन, सुदर्शनराज पाण्डे पाटनबाट पोखरा, दीपेन्द्र अधिकारी पाटनबाट बुटवल, राजुराम सिलवाल तुल्सीपुरबाट जनकपुर, रामेश्वर रेग्मी सुर्खेतबाट पाटन सरुवा भएका छन् ।

यस्तै, जगदीश घिमिरे जुम्लाबाट जनकपुर, हरिश्चन्द्र ढुंगाना र खडानन्द तिवारी वीरगञ्जबाट पाटन, काजीबहादुर राई सुर्खेतबाट इलाम, रितेन्द्र थापा विशेष अदालतबाट दिपायल, सूर्यप्रसाद पराजुली बुटवलबाट पाटन सरुवा भएका छन् । श्यामजी प्रधान राजस्व न्यायाधीकरण नेपालगञ्जको अध्यक्ष हुनेछन् । श्रम अदालतको अध्यक्ष पदमा सुर्खेत उच्चअदालतका न्यायाधीश जनक पाण्डे सिफारिस भएका छन् ।

# एक वर्षमा ७५६ किलोमिटर सडक कालोपत्रे

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/एक वर्षको अवधिमा देशभर ७५६ किलोमिटर सडक कालोपत्रे भएको छ । आर्थिक वर्ष २०८०/८१ मा कालोपत्रेस्तरको नयाँ सडक विस्तार यो परिमाणमा भएको सडक विभागले जनाएको छ ।

यो वार्षिक लक्ष्यको तुलनामा ७९.११ प्रतिशत प्रगति हो । विभागलेयस वर्ष ९५६ किलोमिटर नयाँ कालोपत्रे गर्ने लक्ष्य राखेको थियो । यस अवधिमा ग्राबेलस्तरको सडक ३२८ किलोमिटर विस्तार भएको छ । यस आवमा ४ सय किलोमिटर ग्राबेल विस्तारको लक्ष्य थियो । लक्ष्यको ८२ प्रतिशत ग्राबेल सडक विस्तार भएको विभागले जनाएको छ । माटे सडक भने विभागले १६७ किलोमिटर विस्तार गरेको जानकारी गराएको छ ।

विभागका अनुसार यो भने लक्ष्यको १११ प्रतिशत हो । यस आवमा माटे सडक १५० किलोमिटर विस्तारको लक्ष्य थियो । आवधिक मर्मत भने २६१ किलोमिटरमा भएको छ । यो लक्ष्यको १०४ प्रतिशत हो । यस आवमा विभागले २५० किलोमिटर मर्मतको लक्ष्य थियो । विभागका अनुसार एक वर्षमा २०२ वटा पुल निर्माण भएका छन् । यस वर्ष १५० वटा मात्र पुल निर्माणको लक्ष्य थियो । लक्ष्यको तुलनामा १३४ प्रतिशत प्रगति भएको विभागको विवरणमा देखिन्छ ।

सडक विभागलाई यस आवमा ९८ अर्ब १७ करोड विनियोजन भएको थियो । जसमा ९५ अर्ब ९३ करोड पूँजीगत विनियोजन थियो । संशोधित बजेट भने १ खर्ब नाघेको थियो । संशोधित बजेट १ खर्ब ७ अर्ब रुपैयाँ रहेको थियो । खर्च भने ७४ अर्ब ५७ करोड रुपैयाँ बराबर भएको देखिन्छ । यो कुल विनियोजनको ६९.५२ प्रतिशत रहेको विभागले जनाएको छ । विभागले पूँजीगततर्फ ६९.१७ प्रतिशत र चालुतर्फ ८५.४० प्रतिशत खर्च गरेको देखिएको छ ।

# बागमतीको तीन संसदीय समितिमा सदस्य हेरफेर

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ बागमती प्रदेशसभाअन्तर्गत रहेको ६ वटा समितिमध्ये ३ वटा समितिको सदस्य हेरफेर भएको छ । प्रदेशसभाको बुधवार बसेको बैठकमा सभामुख भुवनकुमार पाठकले समितिका सदस्यहरु हेरफेर गर्न गरेको प्रस्ताव सर्वसम्मतरुपमा अनुमोदन भएको हो ।

प्रदेश मामिला समितिमा मुख्यमन्त्री बहादुरसिंह लामा, निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेल, निवर्तमान आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठ सदस्यमा थपिएका छन् ।

त्यसैगरी स्वास्थ्य तथा कृषि र शिक्षा समितिमा निवर्तमान सामाजिक विकासमन्त्री कुमारी मोक्तान, सार्वजनिक लेखा समितिमा निवर्तमान भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल र निवर्तमान वन तथा वातावरणमन्त्री केशव पोखरेल समावेश भएका छन् ।

थपिएका सबैजना मन्त्रीको हैसियतमा विभिन्न समितिको पदेन सदस्य थिए । त्यस्तै आजको प्रदेशसभा बैठकले विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सर्वसम्मतरुपमा पारित गरेको छ ।

सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी श्रेष्ठले प्रस्ताव पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गरेकी थिइन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्धारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७० % बैकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७




ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# ७ वर्षमा ४ प्रदेश प्रमुख

संघीयता कार्यान्वयनको ८ वर्ष पूरा हुनै लाग्दा बागमती प्रदेशले ४ प्रदेशप्रमुख प्राप्त गरिसकेको छ । राजनीतिक भागबण्डाका आधारमा नियुक्ति हुने र राजनीतिक समीकरण फेरिएसँगै प्रदेशप्रमुख पनि परिवर्तन हुने गरेका छन् । पूरा कार्यकाल काम गर्ने वातावरण बन्न नसक्दा समस्या त हने नै भयो । केन्द्रमा राष्ट्रपतिको कार्यकाल ५ वर्ष हुने र सोही अनुसार प्रदेशप्रमुखको कार्यकाल पनि ५ वर्षको हुने व्यवस्था रहेपनि सरकार परिवर्तनसँगै प्रदेशप्रमुख फेरबदल हुने क्रम रहेको हो । सोही सिलसिलामा सोमबार बसेको संघीय मन्त्रिपरिषद् बैठकले बागमतीसहित तीन प्रदेशमा प्रदेशप्रमुख परिवर्तन गर्ने निर्णय गरेको छ । नेपालको संविधानको धारा १६३ को (१) बमोजिम प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रदेशप्रमुख रहने व्यवस्था रहेको छ भने (२) राष्ट्रपतिले प्रदेशप्रमुख नियुक्त गर्ने र (३) प्रदेशप्रमुखको पदावधि पाँच वर्ष हुने व्यवस्था रहेको छ ।

पदावधि सकिनुअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गर्नसक्ने प्रावधान संविधानमा राखिएको छ । संघीय संसद्को सदस्य हुन योग्य भएको, ३५ वर्ष उमेर पूरा भएको र कुनै कानुनले अयोग्य नभएको व्यक्ति प्रदेशप्रमुख नियुक्त हुनसक्ने संविधानको धारा १६४ को (क), (ख) र (ग) मा उल्लेख छ । संघीयतापछिको पहिलो कार्यकालमा बागमतीले ३ प्रदेशप्रमुख प्राप्त गरेको थियो । हाल सरकार परिवर्तनसँगै समयअगावै बागमतीमा अर्को प्रदेशप्रमुख प्राप्त गर्ने भएको छ । सुरुवातका २ प्रदेशप्रमुखले अत्यन्त कम अवधिमात्र काम गर्ने अवसर पाए भने पछिल्लो एक प्रदेशप्रमुखको उनीहरुको भन्दा दोब्बर कार्यकाल रह्यो । २०७४ माघ ३ गते तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले बागमती प्रदेशप्रमुखमा अनुराधा कोइरालालाई पठाएको थियो । कोइरालालाई हटाएर २०७६ कात्तिकमा तत्कालीन केपी शर्मा ओली सरकारले विष्णु प्रसाईंलाई नियुक्त गऱ्यो भने सरकार परिवर्तनसँगै २०७८ भदौमा पुन: प्रधानमन्त्री बनेका शेरबहादुर देउवा सरकारले यादवचन्द्र शर्मालाई प्रदेशप्रमुखका रुपमा पठाएको थियो । संघीयता कार्यान्वयनको चरणमा पहिलोपटक अनुराधा कोइरालालाई तत्कालीन संघीय सरकारले २०७४ माघ ५ मा बागमती प्रदेशका लागि प्रदेशप्रमुख बनाएको थियो । २०७४ को निर्वाचनपछि बनेको ओली नेतृत्वको सरकारले कोइरालालाई हटाएर विष्णुप्रसाद प्रसाईंलाई प्रदेशप्रमुखको जिम्मेवारी दियो । कांग्रेसको कोटामा प्रदेशप्रमुख नियुक्त भएकी कोइरालाले १ वर्ष १० महिना अवधि बागमतीको प्रदेशप्रमुख हुने अवसर पाइन् । उनले २०७४ माघ ५ देखि २०७६ कात्तिक १९ सम्म प्रदेशप्रमुखको भूमिका प्राप्त गरिन् । २०७६ कात्तिक १८ गते विष्णु प्रसाईंले प्रदेशप्रमुखको जिम्मेवारी लिएका थिए ।

एमालेको कोटामा प्रदेशप्रमुख भएका उनले १ वर्ष ९ महिना कार्य गर्ने अवसर पाए । २०७४ मा झापाको मेचीनगर नगरपालिकाको मेयर पदमा एमालेबाट निर्वाचनमा प्रतिस्पर्धा गरेका प्रसाईं पराजित भएपछि प्रदेशप्रमुख नियुक्त भएका थिए । २०७७ फागुनमा नेकपा विभाजन भयो । एमाले र माओवादी केन्द्र साबिककै अवस्थामा फर्किएको केही समयपछि मुलुकको राजनीतिक कोर्स नै परिवर्तन भयो । सो पश्चात् ५ दलीय गठबन्धनको सर कार बनेसँगै २०७८ भदौ ३ गते प्रसाईंलाई हटाएर यादवचन्द्र शर्मालाई प्रदेशप्रमुखको जिम्मेवारी थमाइयो । प्रसाईंले २०७६ कात्तिकदेखि २०७८ भदौसम्म प्रदेशप्रमुख भएर कार्य गर्ने अवसर पाए । २०७८ भदौ ४ मा प्रदेशप्रमुख नियुक्त भएका शर्मा एकीकृत समाजवादी निकट हुन् । माधव नेपालका विश्वासपात्र शर्मा सत्तागठबन्धन परिवर्तनसँगै पदमुक्त हुनेमा स्पष्ट थिए । ३ वर्ष प्रदेशप्रमुखको जिम्मेवारी प्राप्त गरेका उनलाई सोमबार बसेको मन्त्रिपरिषद्ले पदमुक्त गर्ने निर्णय गरेको हो भने उनको ठाउँमा दीपकप्रसाद देवकोटा नियुक्त भएका छन् । धनगढीका देवकोटा एमाले अनुशासन आयोगका सदस्य हुन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १८ गते शुक्रबार २ अगष्ट २०२४ । त्रयोदशी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२८, सूर्यास्त ६:५० । गथाँमुग च:ह्रे पूजा । घण्टाकर्ण चतुर्दशी (गठेमंगल) ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आनन्दको महसुस हुनेछ | तुला | : प्रेममा विवाद आउनसक्नेछ |
| वृष | : मन चञ्चल हुनेछ | वृश्चिक | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| मिथुन | : मान-सम्मान बढ्नेछ | धनु | : हाँसखेलमा दिन जानेछ |
| कर्कट | : धन लाभ हुनेछ | मकर | : मनमा धेरै कुरा खेल्ने छन् |
| सिंह | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | कुम्भ | : रमाइलो यात्राको योग परेको छ |
| कन्या | : नबोली बस्दा राम्रो हुनेछ | मीन | : मन प्रसन्न रहनेछ |

# के हो समाजवादी मोर्चाको साँचो अन्तर्य ?



✍ जनक शाह



केही दलको सत्ता सिन्डिकेटका रूपमा प्रयोग भएको तथाकथित 'समाजवादी मोर्चा' षड्यन्त्रमूलक तरिकाले राजकीय स्थानमा सरकारी चियापानसहित गठन भएको थियो । कांग्रेस-माओवादी गठबन्धनका बेला सक्रिय रहेको मोर्चा गत वर्ष फागुनको तेस्रो साता एमालेसँग सत्ता समीकरण बनेपछि निष्क्रिय अझ भनौं मृतप्राय: भएको थियोरु। नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री क. प्रचण्ड सर कारबाट बर्हिगमन भएसँगै यस मोर्चालाई फेरि ब्युँताउने खेलोमेलो सुरु भएको छ ।

तत्कालीन अवस्थामा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले प्रचण्ड लगायत अन्य अग्रगामी समाजवादी रानीतिक शक्तिहरूका बिचमा रूपान्तरित नयाँ शक्तिका रूपमा एक बृहत्तर 'समाजवादी मोर्चा' वा केन्द्र निर्माणको डिस्कोर्स सुरु गरेका थिए । विभिन्न चरणमा कुराकानी पनि भएका थिए ।

खासमा यस मोर्चाको उद्देश्य थियो– अल्पकालीन वा छिनछिनमा सरकार बनाउने वा ढाल्ने नभई दीर्घकालीन वा रणनीतिक खालको सरकार बनाउनेह संविधानको रक्षासँगै कार्यान्वयन गर्ने, संविधानलाई समयसापेक्ष अग्रगामी संशोधन वा परिमार्जन गर्नेह विकासका साथै शान्ति प्रक्रियाका बाँकी कामको पूर्णता दिनेह संघीय शासन प्रणालीमा आधारित समतामूलक, न्यायपूर्ण, विभेदरहित समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापना गर्न अग्रसर रहने ।

अहिले यस मोर्चाको नेतृत्व नेकपाका महासचिव नेत्रविक्रम चन्द (विप्लव)ले गरेका छन् । भर्खरै हतासपूर्ण तरिकाले मोर्चाको बैठक बसेको भनिएको छ । उक्त बैठकमा नेपाल समाजवादी पार्टीबाट निष्कासनमा परेका व्यक्ति महेन्द्र राय यादव मण्डलीलाई नेपाल समाजवादी पार्टी भनी समावेश गरिएछ । यसले यो मोर्चाको वास्तविक नैतिक चरित्र, राजनीतिक दुस्ट्याइँ र सङ्कीर्णतालाई उदाङ्गो पारेको छ । आकार र चरित्र हेर्दा सबैतिरबाट परित्याक्त जडसूत्रवादी कम्युनिस्ट नेताहरूको कुण्ठा व्यक्त गर्ने कोठे थलोको रूपमा यो समाजवादी मोर्चा परिणत भएको चर्चा गर्न थालिएको छ ।

क. विप्लवले यसको नेतृत्व लिइसकेपछि क. प्रचण्ड र विप्लव सहभागी भएको एउटा सार्वजनिक कार्यक्रमका यस स्तम्भकारले यस मोर्चाका बारेमा केही जिज्ञासा र प्रश्न गरेको थियो । अब क. विप्लवको छातीको साइज कत्रो छ, नाप्ने बेला भो भनेर । समाजवादी मोर्चालाई यथास्थितिमा सङ्कीर्ण सोचका साथ केही दलका नेताको स्वार्थपूर्ण रजगज गर्ने थलो मात्र बनाउने कि परम्परागत कम्युनिस्ट आन्दोलनको बृहत् समीक्षासहित व्यापक रणनीतिक डिस्कोर्स सुरु गर्ने ? युगको आवश्यकता अनुरूपको रूपान्तरण र समाजवादी प्रक्रियातर्फ यो मोर्चा अगाडि बढ्नुपर्ने होइन र ?

यिनै प्रश्नको उत्तरबाट निर्धारण हुन्छ, तपाईंहरूले साँच्चिकै समाजवादी रूपान्तरण चाहनुभएको छ वा छैन भन्ने । हिजो आफू सरकारमा हुँदा तपाईंहरूले संविधानको कार्यान्वयन, समयसापेक्ष अग्रगामी संशोधन वा परिमार्जनका लागि के गर्नुभयो ? विकासका कामह शान्ति प्रक्रियाका बाँकी कामह संघीय शासन प्रणालीमा आधारित समतामूलक, न्यायपूर्ण, विभेदरहित समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापना आदि जुन यहाँहरुकै एजेन्डा थिएह तिनको कार्यान्वयनका लागि के के गर्नुभयो ? यसको पनि समीक्षा गर्नुपर्ला नि ? अब सरकार बाहिर हुँदा त्यही कुरा गर्न समाजवादी मोर्चा सक्रिय पारेको हो भनेर जनताले पत्याइदिनुपर्ने !

तपाईंहरू साँच्चिकै समाजवादी मोर्चा बनाउन चाहनुहुन्छ भने आफूलाई मन परेका तथाकथित नेता वा दलको चुलो-चौको बनाउनतिर नलाग्नुस् । बरु समाजवादी मोर्चा निर्माण गर्न साँच्चिकै निष्ठावान् हुनुहुन्छ भने बृहत्तर डिस्कोर्सका लागि गोलमेच सम्मेलन आह्वान गर्नुस् । समाजवाद चाहने विभिन्न राजनीतिक दल, व्यक्ति, चिन्तक, वामबुद्धिजीवी आदिबिच बहसको सुरुवात गर्नुस् । अनि बल्ल कोर्न सकिएला साँचो अर्थमा समाजवादी मोर्चाको वैचारिक, सांगठनिक र कार्यक्रमिक प्रारूप । होइन भने, तपाईंहरूको वर्तमानको कार्य तुष्टीकरणका लागि मात्र वा निरर्थक साबित हुनेछ ।

नेपालको नयाँ संविधानले राजनीतिक रूपमा एउटा युगान्तकारी परिवर्तनलाई संस्थागत गरेको छह समतामूलक र प्रगतिशील सामाजिक, आर्थिक रूपान्तरणको ढोका खोलेको छ । यद्यपि केही संरचनागत समस्या, अक्षम राजनीतिक नेतृत्व र सत्तालोलुप गठबन्धन संस्कृति आदिका कारण मुलुक सधैं राजनीतिक अस्थिरताको भुमरीमा फस्न पुगेको छ, प्रतिगमनको खतरा उत्तिकै बढेको छ । यस्तो अवस्थामा देशको राजनीतिक स्थायित्व, शान्ति र समृद्धिमा लागि समुन्नत समाजवादमा आधारित एउटा अग्रगामी, प्रगतिशील, लोकतान्त्रिक एवं रूपान्तरित सशक्त समाजवादी शक्ति निर्माणको आवश्यकता छ । यसका लागि विचार र मुद्दा मिल्ने पक्ष, समूह, व्यक्ति र व्यक्तित्वसँग सहकार्य र एकताको थालनी अपरिहार्य छ ।

आफूलाई प्रगतिशील, वामपन्थी र अझ अघि बढेर कम्युनिस्ट भन्ने विभिन्न पुराना राजनीतिक दलहरूको समाजवाद कार्यान्वयन सम्बन्धमा सुस्पष्ट दृष्टिकोण र कार्यक्रम समेत बनिनसकेको छ । यो अवस्थामा सम्पूर्ण प्रगतिशील अग्रगामी र रूपान्तरित आचरणसहितको राजनीतिक शक्तिको एउटा साझा मोर्चाको रूपमा नयाँ समाजवादी केन्द्र निर्माणको औचित्य पुष्टि भएको हुँदा सम्पूर्ण प्रगतिशील अग्रगामी शक्तिहरूले यस आवश्यकतालाई मनन गर्दै सचेततापूर्वक लाग्नुपर्ने देखिएको छ ।

विभिन्न संघर्षबाट प्राप्त ऐतिहासिक उपलब्धिहरूलाई जोगाउँदै संघीय व्यवस्थाको कार्यान्वयन र सुदृढीकरण गर्नुपर्नेछ । जनचाहना अनुरूपको विकास र आर्थिक समृद्धिसँगै जनताका मौलिक हकहरूलाई प्रत्याभूत गर्दै कार्यान्वयन गर्नुपर्ने दायित्व र जिम्मेवारी पनि गुणात्मक रूपमा वैचारिक, आचरणगत एवं व्यावहारिक रूपान्तरणसहितको नयाँ अग्रगामी राजनीतिक शक्तिले मात्रै पूरा गर्न सक्छ ।

नयाँ, अग्रगामी, प्रगतिशील-लोकतान्त्रिक चेतना तथा विचार भएकोह सङ्गठन, संघर्ष र नेतृत्व सबै हिसाबले नयाँ ढङ्गको वास्तविक समाजवादी सोच भएको बलियो शक्तिविना देश अग्रगमनमा जान सक्दैन । त्यसो हुँदा प्रगतिशील तथा अग्रगामी राजनीतिका पक्षधरले नयाँ समाजवादी ध्रुवीकरण गरी अभियानात्मक रूपमा नयाँ समाजवादी विचार र आन्दोलन निर्माण गर्न जरुरी छ । यो अभीष्ट आफूलाई मन लागेका अमूक-अमूक दल व्यक्ति समेटेर पूरा हुँदैन भन्ने हेक्का अहिलेको तथाकथित समाजवादी मोर्चाले बुझ्नुपर्छ ।

*(साभार: रातोपाटी)*

# जलविद्युत् क्षेत्रमा लाओसबाट नेपालले सिक्नुपर्ने पाठ

**ऊर्जा क्षेत्रमा तरक्की गरेको हुँदा त्यसको लाभ लाओसका सर्वसाधारणले समेत प्राप्त गरी उनीहरुको जीवनस्तर उकासिएको हो । यसर्थ नेपालमा पनि जग्गा प्राप्ति, रुख कटानी, प्रसारण लाइन, पीपीए, विद्युत् व्यापार आदि क्षेत्रमा रहेका व्यवधानहरु निरुपण गरी निजी क्षेत्रलाई जलविद्युत् आयोजना निर्माणमा राज्यले प्रोत्साहन गर्नुपर्दछ ।**



✍ दुनबहादुर बुढाथोकी

कुल २६ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने भूधरातल भएको लाओस जनवादी लोकतान्त्रिक गणतन्त्र नेपालको जस्तै पहाडी, भूपरिवेष्टित र जलविद्युत्को दृष्टिकोणबाट उच्च सम्भावना भएको मुलुक हो। जहाँ कुल सम्भावनामध्ये आर्थिक तथा प्राविधिकरुपले २३ हजार मेगावाट विद्युत्को सम्भाव्यता ठम्याइएको छ।

लाओसको ऊर्जा तथा खानी मन्त्रालयको तथ्यांकअनुसार, सन् २०२४ मा ऊर्जाको (सौर्य, वायु, जीवाष्म) जडित क्षमता ११ हजार मेगावाट रहेकोमा जलविद्युत्को एकल जडित क्षमता ९ हजार ६ सय मेगावाट पुगेको छ। सौर्य, वायुलगायतका ऊर्जा उत्पादन गर्ने कुल ९४ पावर प्लान्टहरूमध्ये जलविद्युत् उत्पादन गर्ने साना-ठूला प्लान्टको संख्या ८१ वटा रहेको छ।

लाओसको प्रदेश योजना तथा लगानी विभाग साकोन फोनपासेउथका अनुसार हाल ५४ वटा जलविद्युत् आयोजना निर्माणका विभिन्न चरणमा छन् । त्यस्तै, २०२४ जनवरीमा उत्तरी लाओसको सेकोङ प्रान्तले प्रान्तमा ५० भन्दा बढी जलविद्युत् प्लान्टको अध्ययन, अन्वेषण, डिजाइन र निर्माणका निमित्त स्वीकृति प्रदान गरेको छ । जलविद्युत्लाई आर्थिक समृद्धिको साधनको रुपमा स्वीकार गरेको लाओसले सन् २०२२ मा छिमेकी थाइल्यान्ड, भियतनाम, सिंगापुर, मलेसियालगायतका मुलुकहरुमा जलविद्युत् निर्यातबाट २ अर्ब ३० डलर आर्जन गरेको छ ।

सन् २०२४ मा जनसंख्या ७४ लाख, जीडीपी १४.२४ अर्ब डलर (नोमिनल), आर्थिक वृद्धि ४.६ प्रतिशत (२०२१), प्रतिव्यक्ति जीडीपी १ हजार ८ सय ७९ अमेरिकी डलर (नोमिनल) रहेको लाओस आफैँमा तल्लो मध्यम आययुक्त (लोअर मिडिल इनकम) दक्षिण-पूर्वी एसियाली उदयमान मुलुक पनि हो । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुलाई जलविद्युत्मा रातो कार्पेट बिच्छ्याउन कन्जुस्याइँ नगर्नु लाओसले जलविद्युत् क्षेत्रमा तरक्की गर्नुको मूल कारण हो । रातो कार्पेटका कारण गरिब, पहाडी एवं भूपरिवेष्टित मुलुक लाओसको जलविद्युत् क्षेत्रमा विश्व बैंक, एसियाली विकास बैंक, युरोपेली लगानी बैंकलगायत २६ वटा अन्तर्राष्ट्रिय वित्तीय संघसंस्थाहरुले लगानी गरेका हुन् ।

यी वित्तीय संघसंस्थाहरुको लगानीमा हाल १ हजार २ सय ८५ मेगावाट क्षमताको जायावुरी, ६ सय ५० मेगावाट क्षमताको नामथुन वान, १ हजार ८० मेगावाट क्षमताको नामथुन टु, ५ सय २३ मेगावाट क्षमताको बोलिखम्क्सईलगायत ९ वटा जलविद्युत् आयोजना निर्माण सम्पन्न भइसकेका छन् । त्यस्तै, थप ७ वटा जलविद्युत् आयोजनाहरुको निर्माण कार्य अगाडि बढेको बताइन्छ । सन् १९९३ मा जडित क्षमता २०६ मेगावाट मात्र रहेकोमा अन्तर्राष्ट्रिय वित्तीय संघसंस्था र निजी कम्पनीको लगानीलाई बढावा दिँदा सन् २०२४ मा जडित क्षमता ९ हजार ६ सय मेगावाट पुगेको हो ।

लाओस, जलविद्युत् उत्पादन र निर्यात गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्न सकिन्छ भन्ने उदाहरण पनि हो । जहाँ २०२३ मा ३६.८ टेरावाट आवर जलविद्युत् उत्पादन भएकोमा ८ टेरावाट आवर आन्तरिक खपत गरी २७.५ टेरावाट आवर छिमिकी मुलुकहरुमा निर्यात गरेको हो । जुन कुल उत्पादनको ७४.३२ प्रतिशत हो। यसरी जलविद्युत् सर्वाधिक विदेशी मुद्रा आर्जन गर्ने काठ तथा वनजन्य वस्तुपश्चात्को दोस्रो निर्यातमूलक वस्तुको रुपमा स्थापित हुन पुगेको हो ।

अहिले उत्पादित विद्युत्मध्ये ६ हजार मेगावाट थाइल्यान्डमा, ५ सय ७० मेगावाट भियतनाममा, ३ सय २० मेगावाट कम्बोडियामा र १० मेगावाट म्यानमारमा निर्यात हुने गरेको छ । साथै, थाइल्यान्ड र मलेसियन ग्रीडमार्फत १ सय मेगावाट बराबरको विद्युत् आसियानका अन्य मुलुकहरुमा निर्यात हुने गरेको छ, जुन आफैँमा चानचुने परिमाण होइन । विद्युत् व्यापारको ऐतिहासिक पृष्ठभूमि नियाल्ने हो भने, पहिलोपटक लाओस-थाइल्यान्डबीच १५ सय मेगावाट विद्युत् व्यापार गर्ने गरी सन् १९९३ मा र लाओस र भियतनामबीच १५ सय मेगावाट विद्युत् व्यापार गर्ने गरी सन् १९९५ मा दुई पक्षीय विद्युत् व्यापार सम्झौता भएको थियो । तत्पश्चात् दुई पक्षीय सम्झौताहरु हेरफेर हुँदै आएका छन्।

महत्वपूर्ण कुरा भनेको लाओसको विद्युत् निर्यातका लागि लाओस-थाइल्यान्डबीच लेउ वा तिर (टेक आवर पे) विधिमा ३० बर्से दीर्घकालीन विद्युत् व्यापार सम्झौता (लङटर्म पीपीए) भएको छ । प्राकृतिक ग्यास र अन्य जीवाष्म ऊर्जामा निर्भर रहेको थाइल्यान्डले लासोसबाट सफा र नवीकरणीय ऊर्जाको रुपमा जलविद्युत् प्राप्त गरेकाले कार्बन उत्सर्जन कटौती गर्न मद्दत पुगेको छ । अर्थात् दुवै मुलुकले लाभ (उइन-उइन) हासिल गरेका छन्।

स्मरण रहोस्, दक्षिण-पूर्वी एसियाली मुलुकहरुबीच स्वतन्त्र व्यापार सम्झौता (एएफटीए) सन् १९९२ मा भएको थियो । यसै कारण लाओस, मलेसिया, थाइल्यान्ड, सिंगापुरबीच निर्बाध विद्युत् व्यापार हुने गरेको हो । त्यस्तै, लाओस र थाइल्यान्डले बहुपक्षीय व्यापार सम्झौताका अलावा जलविद्युत् क्षेत्रमा दुई पक्षीय व्यापार सम्झौतासमेत भएको छ । यसरी स्वतन्त्र व्यापार सम्झौता कार्यान्वयनको कारण लाओसले दक्षिण-पूर्वी एसियाली मुलुकरुबीच ब्याट्री अफ पावरको भूमिका निर्वाह गर्न पाएको हो ।

अन्तर्राष्ट्रिय वित्तीय संघसंथाको वित्तीय लगानीका अलावा लाओसले निजी क्षेत्रलाई बुट विधिका माध्यमबाट जलविद्युत् क्षेत्रमा सामेल गरेको छ । अर्को महत्वपूर्ण कुरा भनेको त्यहाँ सञ्चालित जलविद्युत् आयोजनाहरुले विश्व बैंकले तय गरेको सामाजिक र वातावरणीय सुरक्षा मानकहरु परिपालना गरेका छन् । स्मरण र होस्, लाओसले जलविद्युत् क्षेत्रको पवर्द्धनका लागि दिगो जलविद्युत् विकास निर्देशिका, २०१५ अगाडि सारेको छ ।

प्रस्तुत, सन्दर्भमा लाओस एवं आसियान दक्षिण एसियाली मुलुकका लागि सिक्नुपर्ने खुला पुस्तक हुन्। यसकारण कि दक्षिण-पूर्वी एसियाली मुलुकहरुबीच भएको स्वतन्त्र व्यापार सम्झौता इमानदारितापूर्वक लागू गरिएकाले लाओसले उत्पादन विद्युत् थाइल्याण्ड, म्यानमार, भियतनाम, कम्बोडिया र सिंगापुरमा निर्यात गर्न सकेको हो । प्रस्तुत सन्दर्भमा, दक्षिण एसियाली मुलुकबीच पनि स्वतन्त्र व्यापार सम्झौता भई सन् २००६ देखि कार्यान्वयनमा आइसकेको छ । उक्त सम्झौताका आधारमा यस क्षेत्रमा कुनै पनि क्षेत्रमा लगानी गर्न, वस्तु तथा सेवाको बिक्री वितरण गर्न, सडक, रेलवे बन्दरगाहको प्रयोग गर्न रोकटोक लगाइनुहुँदैन । तथापि, उक्त कुरा व्यवहारमा भने लागू हुन सकेको छैन । यसर्थ उक्त सम्झौता कार्यान्वयन गरी जलविद्युत् लगायतका क्षेत्रमा, लगानी, व्यापार, परिवहन तथा प्रसारणको सुनिश्चितता गर्नुपर्दछ ।

नेपालका लागि लाओसले जलविद्युत् क्षेत्रमा चालेका कदम अनुकरणीय नभइरहन सक्दैन । यसकारण कि कुल जलविद्युत् उत्पादनको औसत ८५ प्रतिशत हिस्सा निर्यात गर्ने लाओसको कुल गार्हस्थ्य उत्पादन अनुपातमा बाह्य ऋण ९२ प्रतिशत रहेको छ । जबकि नेपालको यस्तो अनुपात ४४ प्रतिशत मात्र रहेको छ। यसैले विश्व बैंक, एसियाली विकास बैंक, युरोपेली लगानी बैंक अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट सहुलियत दरमा ऋण लिई जलविद्युत् आयोजनामा लगानी गर्न खुट्टा कमाउनुहुँदैन ।

अन्तर्राष्ट्रिय वित्तीय संघसंस्थाको अतिरिक्त निजी कम्पनीहरुलाई प्रोत्साहित गर्दा जलविद्युत् क्षेत्रले लाओसको कुल ऊर्जा उत्पादनमा ७० प्रतिशत योगदान पुऱ्याउन सकेको हो । ऊर्जा क्षेत्रमा तरक्की गरेको हुँदा त्यसको लाभ लाओसका सर्वसाधारणले समेत प्राप्त गरी उनीहरुको जीवनस्तर उकासिएको हो । यसर्थ नेपालमा पनि जग्गा प्राप्ति, रुख कटानी, प्रसारण लाइन, पीपीए, विद्युत् व्यापार आदि क्षेत्रमा रहेका व्यवधानहरु निरुपण गरी निजी क्षेत्रलाई जलविद्युत् आयोजना निर्माणमा राज्यले प्रोत्साहन गर्नुपर्दछ ।

(साभार: नेपाल समाचार-पत्र)

# किन माग हुँदैछ स्थानीय अदालतको ?




काठमाडौं/संविधान जारी भएको ९ वर्षपछि स्थानीय अदालत गठनको मुद्दा सतहमा आएको छ । साना र स्थानीय विवाद टुंग्याउन स्थानीय तहमा रहने र जिल्ला अदालत मातहत हुने स्थानीय अदालत गठनको माग बढ्न थालेको हो ।

कानून व्यवसायीहरुको छाता संगठन नेपाल बार एसोसिएसनले दुई महिनाअघि काठमाडौं घोषणापत्र जारी गर्दै स्थानीय अदालत गठनको माग गरेको थियो । चार कानून व्यवसायीहरुले दायर गरेको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतले मंगलवार स्थानीय अदालत गठनको विषयमा सरकार र सरोकारवालाहरुसँग जवाफ मागेको छ ।

केही वर्षयता देशभरका जिल्ला अदालतमा मुद्दाको संख्या अत्यन्त बढेको र कालान्तरमा तीमध्ये कतिपय मुद्दा सर्वोच्च अदालत आएर झनै थेगिनसक्नु हुने भएकाले साना विवाद टुंग्याउने स्थानीय अदालत गठनको आवाज उठेको हो ।

**के छ व्यवस्था ?**

नेपालको संविधानको धारा १२७ मा अदालत र तिनको तहसम्बन्धी व्यवस्था छ । सर्वोच्च, उच्च र जिल्ला अदालत बाहेक स्थानीय अदालतको पनि परिकल्पना गरिएको उक्त धारामा भनिएको छ, 'कानून बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिनेछ ।'

त्यो निकाय कस्तो हो भन्नेमा कानूनविदहरु एकमत छैनन् । कतिपयले स्थानीय सरकारको अधिकार क्षेत्रको विवादमा न्यायनिरुपणका लागि गठन हुने न्यायिक समितिलाई नै त्यस्तो निकाय भनेका छन् । अहिले स्थानीय सरकारले उपप्रमुख/उपाध्यक्षको नेतृत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गरी स्थानीय र साना विवाद हेरिरहेका छन् ।

संविधानकै धारा १४८ मा जिल्ला अदालत सम्बन्धी व्यवस्था छ । प्रदेश कानून बमोजिम गठन हुने स्थानीय न्यायिक निकाय जिल्ला अदालत मातहत रहने व्यवस्था छ । उक्त धारामा 'जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवं सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।' अहिले स्थानीय तहका न्यायिक समितिलाई जिल्ला अदालतले सुपरिवेक्षण गर्ने र निर्देशन दिने अभ्यास छैन ।

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार उल्लेख छ, जसमा स्थानीय अदालत समेत स्थानीय तहमा रहने भनिएको छ । कानून व्यवसायीहरुले यी संवैधानिक व्यवस्थाहरु उदृत गर्दै स्थानीय अदालत गठनमा ढिलाइ गर्न नहुने माग राखेका हुन् ।

वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली सहित चार कानून व्यवसायीहरूले स्थानीय अदालत गठनको माग राखेर सर्वोच्च अदालतमा रिटनिवेदन दर्ता गरेका छन् । उनीहरुले स्थानीय अदालत गठनको सवाललाई 'गम्भिर संवैधानिक प्रश्नहरु समावेश भएको विषय' भनी दाबी गरेका छन् ।

गम्भीर संवैधानिक प्रश्नहरु समावेश भएको विवाद सर्वोच्च अदालतको संवैधानिक इजलासले हेर्ने व्यवस्था छ । उनीहरुको निवेदनमाथि प्रारम्भिक सुनुवाइपछि न्यायाधीश कुमार रेग्मीको इजलासले सरोकारवाला पक्षसँग स्थानीय अदालत गठन हुन नसक्नुको कारण माग गरेको छ ।

चार कानून व्यवसायीहरुको समूहले रिट निवेदनमा तीन तहका सरकारमाथि प्रश्न उठाएका छन् । संघीय सरकारले कानूनको मस्यौदा नगरेका कारण स्थानीय सरकार गठनको प्रक्रिया नै अघि नबढेको भन्दै उनीहरुले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, संघीय संसद सचिवालयलाई कानून निर्माणको प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

सातवटै प्रदेश सरकार र प्रदेश सभाले स्थानीय अदालत सञ्चालनसम्बन्धी कानूनी प्रबन्ध नगरेको आरोप छ । रिट निवेदनमा चारवटा महानगरपालिकालाई पनि विपक्षी बनाइएको छ । अरु स्थानीय तहले नसके पनि काठमाडौं, ललितपुर, पोखरा र भरतपुर महानगरपालिकाले तत्काल स्थानीय अदालत गठन गर्नुपर्ने रिट निवेदनमा माग छ । अरुको तुलनामा ज्यादा मुद्दा हुने यी स्थानीय तहले स्थानीय अदालत गठनको पहल नगरेको आरोप छ ।

**बारको पनि माग यस्तै**

७ जेठ २०८१ मा नेपाल बार एसोसिएसनले ३८ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको थियो । बारको राष्ट्रिय सम्मेलनले स्थानीय अदालत गठनको एजेण्डा अघि सारेको थियो ।

'स्थानीय तहमा रहेका न्यायिक समितिलाई मेलमिलाप गर्ने भूमिकामा सीमित गर्ने' घोषणापत्रको बुँदा १३ मा भनिएको छ, 'संविधानको अनुसूची ८ मा उल्लेख व्यवस्था अनुसार स्थानीय अदालत गठन गरी मेलमिलापबाट समाधान हुन नसकेका मुद्दाहरु न्यायिक समितिले स्थानीय अदालतमा पठाउने ।'

बारले स्थानीय अदालतको न्यायाधीशको नियुक्ति, कार्यक्षेत्र र सेवाशर्त सम्बन्धी कानून निर्माणको अधिकार प्रदेश तहलाई दिनुपर्ने वकालत गरेको थियो । बारको घोषणापत्रबारे व्याख्या गर्दै वरिष्ठ अधिवक्ता एवं प्राध्यापक पूर्णमान शाक्यले स्थानीय अदालतको साटो नेपालमा न्यायिक समितिलाई नै अधिकार दिएर त्यसको अभ्याय भएको तर उनीहरुको कामकारवाहीको निष्पक्षतामाथि प्रश्न उठेको बताएका थिए ।

'स्थानीय तहमा न्यायिक समितिको नेतृत्व उपप्रमुख वा उपमेयरले गर्छन । उनीहरु राजनीतिक दलबाट मनोनयन हुन्छन् र निर्वाचित भएर आउँछन् । उनीहरुले गरेको निर्णयमा विभिन्न प्रश्न चिह्नहरु रहन्छ' प्राध्यापक शाक्यले संचारकर्मीसँग भनेका थिए, 'न्यायिक समितिलाई मेलमिलापमा सीमित गर्ने, उनीहरुले मेलमिलाप गराउन सकेनन् भने निर्णय गर्न स्थानीय अदालतमा पठाउनुपर्छ भन्यौं । स्थानीय अदालतबाट निर्णय भएपछि चित्त बुझाउने ठाँउ रहन्छ ।'

संविधानमा भएको व्यवस्था अनुसार 'अन्य न्यायिक निकाय' गठनको अधिकार संघीय सरकारको हो । तर स्थानीय न्यायिक निकाय स्थानीय तहमा रहने र प्रदेश कानून बमोजिम सञ्चालित हुन्छन् । जसको कामकारवाहीलाई जिल्ला अदालतले अनुगमन गरी निर्देशन समेत दिने अधिकार राख्छ ।

कानून व्यवसायीहरुले मिलापत्र हुनसक्ने, व्यापारिक एवं वाणिज्य प्रकृतिका स्थानीय मुद्दा र विवादहरु स्थानीय अदालतले हेर्ने भएकाले समाजमा दिगो शान्ति हुने जिकिर गरेका छन् । स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ४७ मा स्थानीय न्यायिक समितिलाई विभिन्न १३ प्रकारका अधिकारहरु छन् । त्यसबाहेक थप ११ प्रकारका विवादमा मिलापत्र गराउने अधिकार छ । गालीबेइज्जती, सम्बन्धविच्छेद जस्ता अदालतमा चाँप बढाएका मुद्दा पनि न्यायिक समितिले मिलापत्र गराउने व्यवस्था छ, जसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

**अस्पष्टै छ खाका**

अहिले स्थानीय तहमा भएको न्यायिक समिति अर्धन्यायिक प्रकृतिको निकाय हो । बारले दुई महिनाअघि जारी गरेको अवधारणा र आफूहरुले दायर गरेको रिट निवेदनमा पूर्ण न्यायिक प्रकृतिको अदालत गठनको माग गरेको उनी बताउछन् ।

अर्कोतर्फ, स्थानीय न्यायिक समितिबाट सुल्झन नसकेका र त्यहाँ पुग्ने सामान्य प्रकृतिका विवादहरु स्थानीय अदालतले टुंग्याउन सक्ने हुँदा सेवाग्राहीलाई जिल्ला, उच्च हुँदै सर्वोच्च अदालतसम्म आउने झण्झट नहुने उनको दाबी छ । बार र कानून व्यवसायीहरुले स्थानीय अदालत गठनको वकालत गर्नुका केही आधारहरु उनीहरुले अघि सारेका छन् । पहिलो, स्थानीय तहमै साना-तिना विवाद समाधान भएमा जिल्ला र उच्च अदालतमा धाउनेहरुको भिड घट्ने उनीहरुको दावी छ ।

अर्कोतर्फ, साना खालका पारिवारिक र देवानी विवादले जिल्ला तहदेखि नै मुद्दाको चाङ बढेकाले सर्वोच्च अदालतमा महत्वपूर्ण र गम्भिर मुद्दामात्रै आउने र त्यसबाट समयमा मुद्दा टुंगिने वरिष्ठ अधिवक्ता ज्ञवाली बताउँछन् । उनी भन्छन्, 'जिल्ला र उच्च अदालतका धेरै मुद्दा सर्वोच्चमा आएका छन् । तल्लो तहमै विवाद समाधान भएमा सर्वोच्चमा मुद्दाको चाप घट्छ ।

जग्गा किचलो, लेनदेन, साँध लगायत सामान्य कुटपिट, गालीबेइज्जतीका विवाद स्थानीय अदालतले हेर्न सक्छ । त्यस्तै सम्बन्धविच्छेद, परिवारमा खानलाउन नदिएको विवादहरु पनि स्थानीय स्तरमा टुंगिने र त्यसले जिल्ला अदालतमा सामान्य मुद्दाको चाँप घट्ने उनको जिकिर छ । चार तहको अदालतवारे अभ्यास हुँदा शुरु हुने जटिलता र आर्थिक बोझवारे भने बारको घोषणापत्र र रिट निवेदन दुवैमा केही उल्लेख छैन ।

त्यसबाहेक संविधानका केही धारामा व्यवस्था भएपनि अहिलेसम्म स्थानीय तहमा रहने स्थानीय अदालतको स्वरुप, क्षेत्राधिकार, जनशक्ति लगायतको विषयमा सार्वजनिक बहस भएको छैन । रिट निवेदकहरुमध्येका एक वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली त्यसैका लागि आफूहरुले रिट निवेदन दायर गरेको बताउँछन् ।

'स्थानीय अदालतवारे बन्ने संघीय कानूनले नै त्यसको आधारभूत संरचना तय गर्छ, बाँकी प्रदेश कानून अनुसार सञ्चालित हुन्छ' उनी भन्छन्, 'संविधानमा स्थानीय अदालतवारे उल्लेख भए पनि त्यसको विस्तृत खाका तय हुन संविधानको समञ्जयस्यपूर्ण व्याख्या हुनुपर्छ । त्यसबाट धेरै विषय स्पष्ट हुने आशा गरेका छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# बोर्ड अध्यक्षका लागि आवेदन: देखाउने दाँत मात्र




काठमाडौं/साउन ९ गते अभिनेता भुवन केसीको कार्यकाल सकिएपछि रिक्त रहेको चलचित्र विकास बोर्डको अध्यक्ष पदका लागि तालुकवाला निकाय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवेदन माग गरेको छ । बुधबार गोरखापत्र दैनिकमा सूचना जारी गर्दै योग्यता पुगेका नेपाली नागरिकलाई दरखास्त पेश गर्न आह्वान गरिएको हो । दरखास्त दिने व्यक्ति ३५ वर्ष पूरा भएर ६५ वर्ष ननाघेको हुनुपर्नेछ ।

अध्यक्षका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेर नेपाली चलचित्र उद्योगको स्थापना, विकास संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनमा निरन्तर कम्तीमा दश वर्ष कार्य गरेको वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनमा कम्तीमा दश वर्ष कार्य गरेको हुनुपर्ने योग्यता तोकिएको छ ।

प्रचलित कानून बमोजिम नियुक्त हुन अयोग्य नठहरिएको र कुनै विदेशी मुलुकको स्थायी आवासीय पत्र नभएको स्व:घोषणा गरेको हुनुपर्ने पनि उल्लेख छ । आवेदन दिनेले ५ हजार शब्दको व्यावसायिक कार्ययोजना पनि पेश गर्नुपर्नेछ । उम्मेदवारले पेश गरेको कार्य योजना, प्रस्तुतिकरण र अन्तर्वार्ताको मूल्याङ्कनको आधारमा अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गरिने जनाइएको छ ।

बोर्ड अध्यक्षका लागि मन्त्रालयले गरेको आवेदन माग देखाउने दाँत मात्र हो । खासमा बोर्ड अध्यक्ष हुन नेता र मन्त्रीको आशीर्वाद आवश्यक पर्छ । अहिले एमालेको सरकार र त्यसमाथि सञ्चार मन्त्रालय पनि एमालेकै भागमा परेकाले बोर्ड अध्यक्ष एमाले निकट फिल्मकर्मी नै बन्नेछन् । अहिले करिश्मा मानन्धर, दिनेश डिसी, नरेन्द्र महर्जन लगायतले अध्यक्षका लागि लबिङ गरिरहेका छन् ।

# 'छक्का पन्जा ४'पछि चम्किएकी बेनिशा



काठमाडौं/एउटा कलाकारको करिअरमा हिट र फ्लप फिल्मले ठूलो अर्थ राख्छ । अभिनेत्री बेनिशा हमालले जति यो कुरा अरु कसले बुझेको होला र ? श्रृंखलाबद्ध फ्लपले उनको करिअर संकटमा पुगेको थियो । पहिलो फिल्म 'स्वर'देखि उनले निरन्तरता असफलता भोग्दै आएकी थिइन् । जसले गर्दा अभिनय बुलन्द हुँदाहुँदै पनि उनी सधैं ओझेलमा परिन् । उनलाई 'अनलक्की नायिका' समेत भनियो ।

तर, २०७९ सालमा आएको फिल्म 'छक्का पन्जा ४'ले उनको करिअर नै 'कायापलट' गरिदियो । यो उनले पाएको पहिलो 'सुपरहिट' फिल्म हो । यसपछि उनको करिअरले रफ्तार समातेको छ । अहिले उनी 'डिमान्डेड' बनिरहेकी छन् । 'लाइनअप'मा फिल्म थुप्रिन थालेका छन् । 'स्टार' अभिनेताहरुसँग सहकार्य जुरिरहेको छ । आगामी भदौदेखि उनले लगातार दुईवटा फिल्ममा काम गर्दैछिन् ।

भदौको सुरुवातमै बेनिशाले फिल्म 'कल्ली' भ्याउनु पर्नेछ । यसमा उनको जोडी अभिनेता पल शाह हुनेछन् । मंगलबार सार्वजनिक गरिएको फर्स्टलुक पोस्टर हेर्दा उनको चरित्र भिन्न हुने देखिन्छ । यसपछि उनले अभिनेता प्रदीप खड्कासँग फिल्म 'एक्लो' गर्नेछिन् । पहिलोपटक पल र प्रदीपसँग उनको सहकार्य हुन लागेका हुन् । यी दुई फिल्म सफल भए उनको करिअर नयाँ उचाइँमा पुग्नेछ ।

'छक्का पन्जा ४'पछि बेनिशाले 'उपहार' र 'सिटामोल'मा काम गरेकी थिइन् । त्यसमध्ये गत वर्ष आएको 'उपहार' असफल हुन पुग्यो । 'सिटामोल' भने प्रदर्शन हुन बाँकी छ । यो बीचमा उनले एउटा हिन्दी फिल्ममा समेत काम गरिसकेकी छन् । यसरी हेर्दा 'छक्का पन्जा ४' उनका लागि 'लक्की' बनेर आएको देखिन्छ । अब उनले फिल्मको संख्यात्मक वृद्धिभन्दा गुणस्तरमा ध्यान दिन जरुरी छ ।

# रेजिना भन्छिन्, '९ वर्षपछि म यतिकै फिल्ममा आएको छैन'



काठमाडौं/यही साउन १८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोदीबेनी'बाट अभिनेत्री रेजिना उप्रेतीको करिअरको दोस्रो इनिङ सुरु भएको छ । यो फिल्मबाट उनले झन्डै ९ वर्षपछि कमब्याक गरेकी हुन् । एनलगको युगमा ६०/६५ वटा फिल्ममा काम गरेकी रेजिना विवाहपछि अभिनयमा निस्क्रिय देखिएकी थिइन् । अब उनको आगामी यात्राका लागि 'मोदीबेनी'को सफलता अनिवार्य छ ।

९ वर्षपछि फिल्म गर्दा केही त हुनुपर्‍यो नि भन्ने उनलाई सधैं लाग्थ्यो । देखिनलाई मात्र काम गर्न चाहन्न थिइन् उनी । 'मोदीबेनी'को कथा सुनेपछि भने उनी कमब्याकका लागि तयार भइन् । 'देखिनका लागि मात्र अब किन फिल्म गर्ने भन्ने मलाई सधैं लाग्थ्यो । जब 'मोदीबेनी'को कथा सुनें, केही फरक लाग्यो । मेरो रोल पनि फरक छ । यस्तो रोल यसअघि मैले गरेको नै थिइनँ,' रेजिना भन्छिन् ।

आफू ९ वर्षपछि यतिकै फिल्ममा नआएको उनको तर्क छ । काम देखाउने ठाउँ भएर नै 'मोदीबेनी' गरेको उनी बताउँछिन् । 'म ९ वर्षपछि फिल्ममा यतिकै आएको छैन । मैले केही चीज देखाउने ठाउँ नभइ 'मोदीबेनी' रोजेको होइन,' रेजिना थप्छिन्, 'म 'पिक'मा हुँदा दर्शकहरुले जुन रुपमा देख्नुभयो, त्यो सबै फिल्ममा छ ।' यसमा उनी अभिनेत्री वर्षा सिवाकोटीकी आमाको भूमिकामा छिन् ।

पहिला र अहिलेको काम गर्ने तरिका नै फरक रहेको रेजिनाको अनुभव छ । 'पहिला डाइलग घोकेर काम गरिन्थ्यो । रिलको क्यान सकिन्छ भनेर धेरै टेक लिइन्न थियो । अहिले आनन्द छ । ५/१० टेक पनि लिन पाइन्छ । कसैलाई हतार छैन । राम्रो नआउँदासम्म टेक लिएको लियै हुन्छ,' उनी भन्छिन्, 'पहिला धेरै टेक लिँदा काम बिग्रिँदै जान्थ्यो । अहिले जति गर्‍यो, उति राम्रो हुँदै जाने रहेछ ।'

रेजिनालाई नेपालमा पुराना कलाकारलाई काम गराउने चलन खासै छैन भन्ने लाग्छ । जो चलेको छन्, तिनीहरुमै फिल्म क्षेत्र घुमेको उनको बुझाई छ । भन्छिन्, 'यहाँ पुराना कलाकारलाई काम गराउने चलन कम छ । अहिले जो चलिरहेका छन्, उनीहरुकै वरिपरि फिल्म क्षेत्र घुमिरहेको छ । नयाँ र पुरानालाई मिलाएर पनि त काम गर्न सकिन्छ नि । त्यो हुँदा दुवै पुस्ताले सिक्ने मौका पाउँछन् ।'

# मौद्रिक नीतिका अधिकांश व्यवस्था कार्यान्वयनमा

काठमाडौं/बैंक तथा वित्तीय संस्थाले असल वर्गमा वर्गीकरण भएको कर्जामा १.१ प्रतिशत मात्रै कर्जा नोक्सानी व्यवस्था गर्दा हुने भएको छ । गत शुक्रबार सार्वजनिक मौद्रिक नीतिलाई कार्यान्वयन गर्न निर्देशिका संशोधन गर्दै नेपाल राष्ट्र बैंकले यस्तो व्यवस्था गरेको हो ।

यसअघि असल वर्गमा वर्गीकरण भएको कर्जामा १.२ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था थियो । यो व्यवस्था चालु आर्थिक वर्षबाट मात्रै कार्यान्वयन हुने राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलले बताए । बैंकहरूले गत आर्थिक वर्षको वित्तीय विवरण प्रकाशित गर्दा उक्त व्यवस्थाअनुसार कर्जा नोक्सानी व्यवस्था घटाउन नसक्ने उनले बताए ।

यस्तै, ग्रेस अवधि भएको कर्जामा समेत बैंकहरूले सोहीअनुसार नोक्सानी व्यवस्था घटाउन सक्नेछन् । 'एक वर्षभन्दा बढी ग्रेस अवधि भएका ऊर्जा लगायतका पूर्वाधार निर्माणसँग सम्बन्धित परियोजनाहरूमा प्रवाहित असल कर्जाको ग्रेस अवधिसम्म प्रत्येक वर्ष समानुपातिक रूपमा कर्जा नोक्सानी व्यवस्था गरी अन्तिम वर्ष १.१० प्रतिशत सामान्य कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ,' निर्देशिकामा भनिएको छ ।

यसअघि यस्तो कर्जामा पनि १.२ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने थियो । कुनै कर्जाको ग्रेस अवधि ४ वर्ष रहेछ भने त्यस्तो कर्जाका लागि पहिलो वर्ष ०.२७५ प्रतिशत, दोस्रो वर्ष ०.५५ प्रतिशत, तेस्रो वर्ष ०.८२५ प्रतिशत र चौथो वर्षदेखि १.१० प्रतिशत साधारण कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने भएको हो ।

कुनै पनि कर्जा निष्क्रिय वर्गमा (पुनर्संरचना र पुनर्तालिकीकरण बाहेक) वर्गीकरण भएकोमा उक्त कर्जाको भाखा नाघेको बक्यौता रकम भुक्तानी भई किस्ता वा ब्याज नियमित भएको अवस्थामा ६ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि असल वर्गमा स्तरोन्नति हुनेगरी सोही बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ ।

यसअघि ६ महिनासम्म यसरी कर्जा भुक्तानी हुँदा जुन वर्गमा वर्गीकरण भएको थियो सोही वर्गमा ६ महिनासम्म वर्गीकरण राख्नुपर्ने व्यवस्था थियो । निष्क्रिय वर्गमा वर्गीकरण भएका कर्जाको किस्ता र ब्याज आंशिक भुक्तानी भई निष्क्रिय वर्गमै रहने अवस्थामा सोही वर्गभित्र स्तरोन्नति गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने राष्ट्र बैंकले जनाएको छ । यस्तै, चालुपूँजी कर्जा मार्गदर्शनमा रहेको भेरियन्स सम्बन्धी व्यवस्था २०८१ साउनदेखि लागु हुनुपर्नेमा अब २०८२ साउनदेखि मात्रै लागु हुने भएको छ ।

**निर्माण व्यवसायीलाई राहत**

बैंक तथा वित्तीय संस्थाले परिस्थितिवश समस्यामा परेका निर्माण व्यवसायसँग सम्बन्धित कर्जाको २०८१ असार मसान्तसम्म भुक्तानी गर्नुपर्ने सावाँ तथा ब्याज २०८१ मंसिर मसान्तसम्म भुक्तानी गर्ने समयावधि थप गर्नुपर्ने भएको छ ।

यस्तो कर्जाको ब्याजलाई पूँजीकरण गर्न नपाइने तथा पेनाल ब्याज/शुल्क/हर्जाना/ब्याजको ब्याज लिन नपाइने व्यवस्था राष्ट्र बैंकले गरेको हो । तर, छुट पाउने अवधिभित्र कर्जाको सावाँ/ब्याज भुक्तानी नगरेमा पूर्वनिर्धारित सर्तबमोजिम सम्पूर्ण भाखा नाघेको अवधिको पेनाल ब्याज लिन सकिने व्यवस्था राष्ट्र बैंकको निर्देशनमा छ ।

त्यस्तै, चेक अनादर भएको कारणले मात्र निर्माण व्यवसायी संस्थालाई २०८१ मंसिर मसान्तसम्म कालोसूचीमा समावेश गर्न नपाउने व्यवस्था भएको हो । चालुपूँजी कर्जा मार्गदर्शनको भेरियन्स सम्बन्धी व्यवस्था र चेक अनदारको कालोसूचीसम्बन्धी व्यवस्था पूर्वाधार बैंकमा समेत कार्यान्वयन हुने राष्ट्र बैंकले जनाएको छ ।

नेपाल राष्ट्र बैंकले एकीकृत निर्देशिका संशोधन गर्दै स्वदेशी प्राइभेट इक्विटी, भेन्चर क्यापिटल संस्थाको ५० प्रतिशत वा सो भन्दा कम सेयर लगानी रहेको साना तथा मझौला उद्योग कालोसूचीमा परेको कारणले मात्र त्यस्ता प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल संस्थालाई कालोसूचीमा समावेश नहुने व्यवस्थासमेत गरेको छ ।

त्यस्तै मौद्रिक नीतिको व्यवस्थाअनुसार राष्ट्र बैंकले नीतिगत दर संशोधन गरेको छ । राष्ट्र बैंकले बैकहरूलाई उपलब्ध गराउने कर्जाको ब्याजदर (बैंकदर) ७ प्रतिशतबाट ६.५ प्रतिशत कायम भएको छ । यस्तै ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको स्थायी तरलता सुविधा दर ६.५ प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर ३.० प्रतिशत र नीतिगत दरको रूपमा रहेको रिपो दरलाई ५.० प्रतिशत कायम गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

काठमाडौं/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिले बुधबार मध्यरातबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घटाउने निर्णय गरेको हो ।

निगमका अनुसार पेट्रोलको प्रतिलिटर मूल्यमा एक रुपैयाँ र डिजेल र मट्टितेलको प्रतिलिटर मुल्यमा २ रुपैयाँ घटाइएको छ । हवाई इन्धन र एलपी ग्यासको मूल्य भने यथावत छ ।

नयाँ मूल्यसूची अनुसार काठमाडौं, पोखरा र दिपालय क्षेत्रमा पेट्रोल लिटरको १७० रुपैयाँ पर्नेछ । झापा, विराटनगर जनकपुर, नेपालजञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा १६७ रुपैयाँ ५० पैसा तथा सुर्खेत र दाङ क्षेत्रमा १६९ रुपैयाँ पर्नेछ । डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर पहिलो वर्गमा १५५ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५७ रुपैयाँ र तेस्रो वर्गमा १५८ रुपैयाँ पर्नेछ ।

# सेयर बजारमा नयाँ रेकर्ड, झन्डै २२ अर्बको कारोबार

काठमाडौं/बुधबार सेयर कारोबार रकममा हालसम्मकै उच्च रेकर्ड बनेको छ । यस दिन कुल २१ अर्ब ९१ करोड १५ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यसअघि अघिल्लो बुल चरणमा ३१ साउन २०७८ मा २१ अर्ब ५३ करोड रुपैयाँ बराबरको उच्च रेकर्ड बनेको थियो ।

अघिल्लो चरणको बुलको कारोबार रेकर्ड तीन वर्षमा तोडिएको हो । बुधबार सेयर बजारको परिसूचक नेप्से ६४.२५ अंक बढेको छ । सो अंकको वृद्धिपछि नेप्से परिसूचक २७६०.९० अंकमा कायम भएको छ ।

१९१ कम्पनीको मूल्य बढ्दा ४४ को घट्यो भने ७ को स्थिर रह्यो । सबै क्षेत्रका सूचक बढेका छन् । बैंकिङ १, विकास बैंक ३.२, फाइनान्स ८, होटल तथा पर्यटन २.९, हाइड्रोपावर २.१, लगानी ६.८, जीवन बीमा २.१, उत्पादन १.८, माइक्रोफाइनान्स ०.६३, निर्जीवन बीमा १.८७, अन्य ३.९ तथा ब्यापार समूह २.७ प्रतिशत बढे । होटल तथा पर्यटन समूहको सूचक पनि हालसम्मकै उच्च भएको छ ।

यस दिन १४ कम्पनीको मूल्य १० प्रतिशत बढेको छ । युनाइटेड अजोड इन्स्योरेन्स, गोर्खाज फाइनान्स, श्रीइन्भेस्टमेन्ट फाइनान्स, रिलायन्स फाइनान्स, दिव्यश्वरी हाइड्रोपावर, मकर जितुमाया सुरी, नेपाल रिपब्लिक मिडिया, कुथेली बुकरी स्मल हाइड्रोपावर, नेपाल वेयरहाउजिङ, प्रोग्रेसिभ फाइनान्स, ओरियन्टल होटल, समृद्धि फाइनान्स, मल्टिपर्पस फाइनान्स र फर्स्ट माइक्रोफाइनान्सको मूल्य ९.९ देखि १० प्रतिशतसम्म बढेको हो ।

आत्मनिर्भर लघुवित्तको मूल्य ६.५, उपकार लघुवित्तको ५, एसियन हाइड्रोपावरको ४ प्रतिशत मूल्य घट्यो । कारोबार रकमका आधारमा हिमालयन रिइन्स्योरेन्स, माउन्टेन इनर्जी, शिवम् सिमेन्ट, नेपाल फाइनानस र अपी पावर क्रमश: अगाडि रहे ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आश्रमबाट बेपत्ता हेटौंडाकी फूलमायालाई नचिन्ने बम्जनको बयान

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ आफूलाई तपस्वी बताउने रामबहादुर बम्जनले हेटौंडाकी किशोरी फूलमाया रुम्बालाई सिन्धुपाल्चोकको आश्रमबाट बेपत्ता बनाएको अस्वीकार गरेका छन् ।



मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१६ की फूलमायाका बुबा वीरबहादुर रुम्बाले सिन्धुपाल्चोकको आश्रमबाट बम्जनले आफ्नी छोरी बेपत्ता बनाएको भन्दै जाहेरी दिएका थिए । अनुसन्धानपछि जिल्ला अदालतमा बम्जनविरुद्ध मुद्दा दायर भएको थियो ।

त्यसअघि नै सिन्धुपाल्चोक लगेर बम्जनको बयान गराइएको थियो । तर, बम्जनले सरकारी वकिल कार्यालयमा भएको बयानमा आफूमाथि लागेका सबै आरोपमा इन्कार गरेका छन् । सोमबार अदालतले उनीसँग फूलमाया बेपत्ता बनाएको आरोपमा तीन लाख रुपैयाँ धरौटी माग गर्ने आदेश दिएको छ । यसअघि नै बालयौन दुरुपयोगको कसुरमा दोषी ठहर भएर कैद भुक्तान गरिरहेका बम्जनलाई यो मुद्दाको लागि सिन्धुपाल्चोक लगिएको थियो ।

बम्जन फरार हुँदा उनी विरुद्धका कुनै पनि मुद्दा अगाडि बढ्न सकेका थिएनन् । तर, गएको पुसमा काठमाडौंबाट पक्राउ गरेर सर्लाही लगेसँगै उनीविरुद्ध परेका सबै उजुरीमा प्रहरीले अनुसन्धान अगाडि बढाएको छ । सिन्धुपाल्चोकको बाँडेगाउँस्थित बम्जनले सञ्चालन गरेको आश्रममा २०७१ सालदेखि आफ्नी छोरी हराएको रुम्बाको जाहेरीमा उल्लेख छ । फूलमाया उनकै आश्रममा काम गर्थिन् । तर, बम्जनका कुनै पनि आश्रममा फेला नपरेको भन्दै रुम्बाले बम्जनविरुद्ध सिन्धुपाल्चोक प्रहरीमा जाहेरी दिएका थिए । रामबहादुर बम्जनले भने फूलमायालाई आफूले नचिनेको बयान दिएका छन् ।

'मलाई यस मुद्दामा जाहेरी दरखास्त दिने जाहेरवाला वीरबहादुर रुम्बालाई मैले चिनेको छैन । निज जाहेरवालाको छोरी फूलमाया रुम्बा कहिले कुन मितिदेखि मेरो आश्रममा आई ज्ञान प्राप्तिको लागि बसेको हो मलाई जानकारी भएन,' उनले बयानमा भनेका छन्, 'जाहेरवालाको छोरीलाई म बस्दै आएको कुनै पनि आश्रममा आई कामकाज गरी ज्ञान प्राप्तिको लागि बसेको मलाई एकिन थाहा भएन ।,'

बाराकै स्कुलमा कक्षा ५ सम्म लेखपढ गरेका बम्जनले १७ वर्षको हुँदा हलखोरिया जंगलमा ध्यान गर्न थालेका थिए । करिब ८ वर्ष सोही जंगलमा ध्यान गरेपछि सर्लाहीको पत्थरकोटमा अस्थायी आश्रममा गई भक्तजनलाई 'ज्ञान' बाँड्न थालेका थिए । त्यसपछि सिन्धुलीको पहिरेमा स्थायी रुपमा बस्न थालेका थिए । बेलाबखतमा सिन्धुपाल्चोकको टोड्केभीरमा रहेको आश्रममा समेत जान्थे । तर, यी कुनै पनि आश्रममा आउने भक्तजनलाई आफूले नचिन्ने उनले बताएका छन् ।

फूलमाया रुम्बालाई आफू बस्दै आएको कुनै पनि आश्रमबाट बेपत्ता पार्ने कार्य नगरेको उनको जिकिर छ । फूलमाया बम्जनको आश्रममा जानुपहिले मकवानपुरकै नेवारपानीमा रहेको डोदोन छोलिङ बौद्ध गुम्बामा ३ वर्ष तीन महिना बसेकी थिइन् । आफन्तले दिएको बयानअनुसार बम्जनले तपस्या गरेर बुद्धत्व प्राप्त गरेको भन्ने सुनेपछि फूलमाया २०६८ सालमा उनको आश्रममा गएकी थिइन् । २०७० सालको माघमा आउँदा उनलाई निक्कै चिन्तित अवस्थामा भेटेको फूलमायाकी फुपू सुन्तली गोलेले बताएकी छन् ।

'फूलमायालाई रोइरहेको देखेपछि के भयो भनि सोध्दा उनले जे भए पनि मेरो एउटा जीवन दान दिनलाई केही छैन, म खुशी नै छु भनी रुँदै गरेपछि मैले त्यसो भए अब त्यहाँ नजाऊ भन्दा उसले होइन म जानुपर्छ भनिन् । उनले गुरु (रामबहादुर बम्जन) लाई खाना बनाई खुवाउने काम गर्छु, एकछिन पनि छोड्न मिल्दैन भनेकी थिइन्,' सुन्तलीले बयानमा भनेकी छन् । त्यसपछि फूलमायासँग आफ्नो भेट नभएको उनको बयान छ ।

बम्जनको बोधी आश्रममा गुरु सरोज तितुङले भने २०७१ सालमा आफू पुग्दा फूलमायालाई उक्त आश्रममै देखेको बयान दिएका छन् । उनी आनीको रुपमा आश्रममा रहेको देखेको तर, आश्रमको नियम अनुसार महिला र पुरुष बोल्न नमिल्ने उनले बताएका छन् । तर, २०७३ साल जेठ २२ गते रामबहादुर बम्जन बाँडेगाउँ आश्रमबाट सर्लाहीको पत्थरकोट गएका थिए । 'सर्लाहीको आश्रममा जाँदा गुरुआमा भनिने एकजना महिलासहित अन्य तीनजना आनी र ५/६ जना पुरुष भिक्षुसँग जानु भएको थियो । फूलमाया रुम्बा गुरुमा त्यसभन्दा अगाडि नै बाँडेगाउँ आश्रमबाट निस्केर गइसक्नु भएको थियो,' सरोज तितुङले बयानमा भनेका छन् ।

त्यसपछि फूलमाया आश्रममा फर्केर आएको नदेखेको पनि उनले बताएका छन् । २०७५ पुस २७ गतेदेखि मात्रै आश्रममा आउने जानेको नाम दर्ता गरी राख्ने गरेको उनले बताएका छन् । बम्जनलाई व्यक्ति बेपत्ता पारेको कसुरमा १५ वर्षसम्म कैद र पाँच लाख रुपैयाँ जरिवानाको माग गरिएको छ । यस्तै बालबालिकासम्बन्धी कसुरमा थप दुई वर्ष कैदको माग पनि गरिएको छ । सिन्धुपाल्चोकपछि अब बम्जनलाई अन्य कसुर गरेको जिल्लामा उपस्थित गराइने प्रहरीले जनाएको छ ।

(साभार: *नेपालखबर*)

# मकवानपुर ट्राफिकद्वारा दुई करोड ८३ लाख राजस्व संकलन

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ मकवानपुरमा गत आर्थिक वर्षमा ट्राफिक कारबाहीबाट दुइ करोड ८३ लाख रुपैयाँ राजस्व संकलन भएको छ । आव २०८०/८१ को एक वर्षको अवधिमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले मकवानपुरमा गरेको ट्राफिक कारबाहीबाट यो राजस्व संकलन भएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख एवम् प्रहरीनिरीक्षक केशव अधिकारीका अनुसार ट्राफिक नियम उल्लंघन गर्ने ३७ हजार ९६० सवारी साधन कारबाहीबाट यो राजस्व असुल भएको हो । बितेको आर्थिक वर्ष २०७९/८० मा ४७ हजार ८९९ सवारी कारवाहीबाट तीन करोड ६९ लाख ६७ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । तुलनात्मकरुपमा अघिल्लो आवको भन्दा गत आवमा सवारी कारवाही र राजस्व दुबै घटेको छ । ट्राफिक सचेतना फैलाएसँगै जिल्लामा ट्राफिक नियम उल्लंघन गर्ने घटेकाले राजस्व संकलनमा पनि कमी आएको अधिकारीको भनाइ छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार बिनाअनुमति सवारी चलाउने, सवारी साधनको कागजात ठीक नभएका वा अवैध कागजात भएको, मादकपदार्थ सेवन गरी सवारी चलाउने लगायतलाई गरिएको कारबाहीबाट राजस्व असुल गरिएको हो । गत आवमा सबैभन्दा बढी असार महिनामा ३१ लाख २९ हजार ५०१ र कम साउन महिनामा १२ लाख १२ हजार राजस्व संकलन भएको छ । ट्राफिक कारवाहीमा सबैभन्दा बढी मोटरसाइकल र सबैभन्दा कम ट्याक्टर कारवाहीमा परेको तथ्यांक छ ।

गत आवमा २४५ सवारी दुर्घटनामा ५८ जनाले ज्यान गुमाए । ट्राफिकको तथ्यांक अनुसार जिल्लामा आव २०७७/७८ मा ३ सय ५३ सवारी दुर्घटनामा ५९ जना, २०७८/७९ मा ३ सय १७ सवारी दुर्घटनामा ७० जना र आव २०७९/८० मा २ सय ५२ सवारी दुर्घटनामा ६१ जनाले ज्यान गुमाएका थिए । तुलनात्मक रुपमा अघिल्ला आवको भन्दा गत आवमा दुर्घटना र मृत्यु हुनेको संख्या घटेको छ ।

गत आवमा दुई हजार पटक एक लाख ९६ हजार २९५ जनालाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । सवारी दुर्घटना न्यूनीकरण गर्न गत आवमा विद्यार्थी, नयाँ चालक, व्यवसायी, सरकारी कर्मचारी लगायतलाई कक्षा सञ्चालन गरिनुका साथै सचेतनामूलक पर्चा, पम्प्लेट, स्टिकर टाँस र चालकको स्वास्थ्य परीक्षण गरिएको थियो ।

ट्राफिक प्रहरीले आव २०७७/७८ मा ३२ हजार २ सय ३९ सवारी कारवाहीबाट २ करोड ७१ लाख ६ हजार ५ सय, आव २०७८/७९ मा ३० हजार ३ सय २७ सवारी कारवाहीबाट २ करोड ३६ लाख ९० हजार ५ सय र आव २०७९/८० मा ४७ हजार ८ सय ९९ सवारी कारवाहीबाट ३ करोड ६९ लाख ६७ हजार राजस्व संकलन गरेको तथ्यांक छ । गत आवको तुलनामा अघिल्ला आवको तथ्यांकलाई आधार मान्दा सवारी साधन कारवाही संख्या र राजस्व दुबै घटेको देखिन्छ ।

# सहकारीलाई ४ समूहमा वर्गीकरण गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (बागमती प्रोस्कून) ले संघमा आवद्ध संस्थाहरुको वर्गीकरण गर्ने भएको छ । संघका प्रमुख कार्यकारीअधिकृत केशवप्रसाद दाहालले संघको वार्षिक योजना अनुसार यस आर्थिक वर्षबाट संस्थाहरुको वर्गीकरण गरिने बताए ।

सक्षम, सामान्य, सुधार गर्नुपर्ने र निष्कृय गरी संस्थालाई ४ वटा समूहमा विभाजन गरिने उनको भनाई छ । त्यसका लागि संघले वर्गीकरणको आधार र सूचकहरु तयार गरेको भन्दै उनले सबै संस्थालाई एउटै उपचारविधि काम नलाग्ने जानकारी दिए । समस्यामा परेका सहकारीलाई पुन: सञ्चालन योग्य बनाउन कर्मचारीलाई तालिम शिक्षामार्फत् दक्ष बनाउने र आवश्यक परे वित्तीय सहजीकरण समेत गर्ने उनको भनाई छ ।

संस्थाको अवस्था अनुसार आधारभूत, मध्यम र उच्चस्तरीय तालिम दिने र सक्षम संस्थाका व्यवस्थापकलाई रिसोर्स पर्सनका रुपमा प्रयोग गर्ने उनले जनाए । संघमा बागमती प्रदेशभरका ४९४ संस्था आवद्ध छन् । त्यसमध्ये २२ संस्था कोशिस कार्यक्रममा सहभागी रहेका छन् । संघले संस्थालाई सुशासित, व्यावसायिक र सुरक्षित बनाउन कोशिस कार्यक्रम सञ्चालन गरेको हो ।

चौंथो वार्षिकोत्सवको अवसरका कार्यपत्र प्रस्तुत गर्दै प्रमुख दाहालले संघले सञ्जाल व्यवस्थापन गरेर अगाडि बढ्ने नीति लिएको र सोहीअनुरुपम ४ वटा जिल्ला बचत संघसँग सम्झौता गरिसकेको बताए । बचत संघमार्फत् सदस्य संस्थाहरुलाई तालिम तथा शिक्षा प्रदान गर्ने र संघहरुलाई सबल बनाउन कोशिस कार्यक्रममा सहभागी गराउने उनले बताए ।

संघले चालु आर्थिक वर्षमा २० वटा संस्थाको अनुगमन गर्ने र सुधारका लागि सहजीकरण गर्ने जनाएको छ । संघले बागमती सरकारबाट स्वीकृत लिएर ऋण व्यवस्थापन, संगठन विकास, लेखाप्रणाली र युवाका लागि वित्तीय साक्षरता कार्यक्रमको पाठ्यक्रम विकास गरिसकेको छ ।

# बागमती प्रदेशमा् द्रुतप्रतिकार्य टोली गठनसँगै परिचालन

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ बागमती प्रदेशको भौतिक पूर्वाधर विकास मन्त्रालयले मनसुनजन्य तथा अन्य प्राकृतिक विपद्का लागि क्वीक रेस्पोन्स टीम (क्युआरटी) अर्थात द्रुतप्रतिकार्य टोली गठन गरेको छ ।

बुधबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी प्रादेशिक सडक यातायात गुरुयोजनाअन्तर्गत रहेका सडक सञ्जालमा प्राकृतिक विपद्बाट भएका अवरोध तत्काल हटाउन द्रुतप्रतिकार्य टोली (क्युआरटी) गठन गरिएको जानकारी दिइएको हो । पत्रकार सम्मेलनमा भौतिक पूर्वाधर विकासमन्त्री अमनकुमार मास्केले प्राकृतिक विपद्का कारण आपतकालीन आवागमन अवरुद्ध हुने गरेको र न्यूनतम सूचना प्रवाह तथा समन्वयको अभावमा प्रदेशवासीलेले सास्ती खेप्नु परेकोले आफ्नो मन्त्रालयले यसको उत्तरदायित्व लिएको बताए ।

क्युआरटी गठनका विषयमा जानकारी दिँदै मन्त्री मास्केले साना तथा मसिना लाग्ने विषयमा गम्भिर हुनसके जनतालाई उपलब्धि दिन सकिने बताए । मन्त्री मास्केले तत्काल मोवाइल टिम खटाउने र सडक सञ्जालको अवस्था बारे जानकारी लिने र स्थानीय सञ्चार माध्यमबाट त्यसको सूचना प्रवाह गरी नागरिकसम्म पुऱ्याउने बताए ।

यातायात पूर्वाधार निर्देशानालय हेटौंडाका निर्देशक पुष्करप्रसाद पोखरेलको संयोजकत्वमा गठित द्रुतप्रतिकार्य टोली (क्युआरटी)मा मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर सुजन भण्डारी, मन्त्रालयका विपद् फोकल पर्सन ज्यानेन्द्र प्रसाद पुन, यातायात पूर्वाधार निर्देशनालयका अधिकृत हरिप्रसाद ओझा र जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख सदस्य रहेको मन्त्रालयका सचिव अमृत श्रेष्ठले जानकारी दिए ।

टोलीले अवरुद्ध भएका मुख्य प्रादेशिक सडकको पहिचान गर्ने सूचना सम्प्रेषण गर्ने, वैकल्पिक मार्ग पहिचान गर्ने, आकस्मिकरुपमा अवरुद्ध सडक यथाशीघ्र संचालन गर्ने, अन्तरनिकायसँग समन्वय गर्ने, कार्यालयगत रुपमा आकस्मिक मर्मत सम्भार शीर्षकमा विनियोजित बजेटबाट स्रोत व्यवस्थापन गर्ने र प्रचलित कानूनको अधिनमा रहेर टोली स्वयम्बाट निर्धारित अन्य कार्यक्षेत्रगत शर्तहरुको कार्यान्वयन गर्ने र गर्न लगाउने सचिव श्रेष्ठले बताए ।

# जनप्रिय माविमा कक्षा ११ मा विज्ञान संकाय पढाइ हुने

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ जिल्लामा प्राविधिक शिक्षालयलाई जोड दिँदै आईरहेको जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) हेटौंडा-१६ ले यसै शैक्षिक सत्रबाट कक्षा ११ मा विज्ञान संकाय थप गरी पढाई सुरु गर्ने भएको छ ।

जिल्लाको पहिलो नमूना विद्यालय र जिल्लाको पहिलो प्राविधिक शिक्षालय भएकोले यसवर्षबाट विज्ञान संकायको पढाई सुरु गर्न लागेको विद्यालयका प्रिन्सिपल भुपेन्द्र चौलागाईले जानकारी दिए । 'ग्रामीण परिवेशका विद्यार्थीलाई विज्ञान विषय पढ्नको लागि बजारमा कोठा लिएर बस्नुपर्ने र भाडा तिरेर बजार जानुपर्ने समस्यालाई न्यूनीकरण गर्ने उद्देश्यले विज्ञान संकाय सञ्चालन गर्न लागेका छौं,' उनले भने ।

'जनप्रिय विद्यालय नमूना विद्यालय भएको र सम्पूर्ण विद्यार्थीलाई समेट्न सक्ने खालको धार सञ्चालन गर्नुपर्छ भन्ने मापदण्ड सहित विज्ञान संकायको पढाई सुरु गर्न लागेका हौं ।' चौलागाई भन्छन् ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००२७०१ | लक्ष्मी कार्की | थाहा-०२, मकवानपुर |

# बागमती प्रदेश लोकसेवाको अध्यक्ष नियुक्त गर्न समितिको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १६ साउन/ बागमती प्रदेश मामिला समितिले सरकारलाई ३ विषयमा निर्णयसहित निर्देशन दिएको छ । बुधबार बसेको प्रदेश मामिला समितिको बैठकले प्रदेश लोकसेवा आयोगसँग सम्बन्धित २ र विपद् व्यवस्थापनसँग सम्बन्धित एक निर्णयसहित सरकारलाई निर्देशन दिएको हो ।

सभापति छिरिङदोर्जे लामाको अध्यक्षतामा बसेको बैठकले सरकारलाई गम्भीरताका साथ समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्न निर्देशन दिएको छ । बैठकले प्रदेश लोकसेवा आयोगको अध्यक्ष तत्काल नियुक्त गर्ने निर्देशन गरेको हो । आयोगको अध्यक्ष नियुक्त नहुँदा कर्मचारी व्यवस्थापन तथा नियुक्ति र बढुवा प्रक्रिया समेत प्रभावित भएकाले तत्काल अध्यक्ष नियुक्त गर्ने बैठकले निर्देशन दिएको छ ।

विगत ६ महिनादेखि प्रदेश लोकसेवा आयोग अध्यक्ष विहीन अवस्थामा रहेको छ ।

सूचना ! सूचना !! सूचना !!!
*अब किन जानु पर्‍यो विदेश ?*
हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्
७०% बैंकिङ सुविधा

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababhini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुति...

Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा

२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा
*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*
साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।
सञ्चालक: भेष खड्गी
हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३